# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष),
०२४-४१००४९
मेदिबुङ, थपुं,पाँचथर
१ नं. प्रदेश, नेपाल


प.सं. : २०७४/०७५
च.नं.

मिति : २०७४/१०/०७

विषय :- लागत सहभागिता आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/१०/०७

यस कार्यालयको आ.व २०७४/०७५को स्वीकत वार्षिक विकास कार्यक्रम अनुसार विद्युत पोल खरिद (१०% लागत सहभागितामा) कार्यक्रम याङवरक गाउँपालिकाका क्षेत्र भित्रका लघुजलविद्युत आयोजनाहरुबाट रकम जम्मा गर्नुपर्ने भएको हुँदा इच्छुक लघुजलविद्युत आयोजनाहरुबाट निम्न शर्तहरुको अधिनमा रही निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१. आयोजनाको आवश्यक कागजात संलग्न राखी रु.१०।- को टिकट टाँसी लागत सहभागितको रकम समेत जनाई कार्यालयमा निवेदन पेश गर्न सकिनेछ ।
२. यस कार्यालयको नाममा रहेको फिदिम स्थित नेपाल बैंक लिमिटेड खाता नं. ००६७०३०००००००००४००१००९ वा कार्यालयमा नगदै जम्मा गर्न सकिनेछ ।
३. यस कार्यक्रम बमोजिमको रकमबाट प्रचलित कानुन बमोजिम खरिद गरि रकम जम्मा गरे बराबरको पोल कार्यालयले निर्णय गरि हस्तान्तरण गर्नेछ ।
४. प्रचलित मापदण्ड बमोजिम विद्युत पोलको डिजाईन, ईष्टिमेट कार्यालयले तयार गरे बमोजिम हुनेछ ।
५. यो सूचना मेची पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र पेश गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।
६. उल्लेखित कार्यक्रम याङवरक गाउँपालिका क्षेत्र भित्र संचालन भईरहेका लघुजलविद्युतहरुलाई मात्र लागु हुनेछ ।
७. कुनै शर्त राखी पेश गरिएको निवेदन स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
८. कार्यालयमा पहिला निवेदन दिने आयोजनालाई पहिलो प्राथमिकता दिईनेछ ।
९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।
१०. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा फोन नं. ०२४-४१००४९, ९८६२६२३१२२ र ९८०३९८०४२३ मा सम्पर्क राख्न सक्नु हुनेछ ।
११. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

कार्यक्रमको विवरण

| कामको विवरण | स्थान | स्वीकृत बजेट | लागत सहभागिता रकम | कैफियत |
|---|---|---|---|---|
| विद्युत पोल खरिद (१०% लागत सहभागितामा) कार्यक्रम | याङवरक क्षेत्र भित्र | १५,००,०००।- (अक्षरेपी रु पन्ध्र लाख मात्र) | रु.१,५०,०००।- | |

२०७४।१०।०८

प्रमुख प्रशासकीय अधिकृत
डम्बर बहादुर आङदेम्बे

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत